## जिल्ला विपद् व्यवस्थापन समितिको २०७८।०२।३१ गतेको बैठकका निर्णयहरु :

निर्णय नं. : १

विपद् जोखिम रोकथाम तथा नियन्त्रण सम्बन्धमा गृह मन्त्रालय र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण बाट प्राप्त निर्देशनलाई प्रभावकारी कार्यान्वयन गर्ने।

निर्णय नं. : २

यस वर्षको मनसुन शुरु भईसकेको र विश्वभर फैलिएको कोरोना भाईरस (कोभिड-१९) दोस्रो लहरको जोखिमको समयमा हुन सक्ने विपदलाई मध्येनजर गरी जिल्ला प्रशासन कार्यालय जिल्ला व्यवस्थापन समितिको आयोजनामा राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, सरकारी कार्यालयहरु,स्थानिय तहहरु,क्षेत्रगत नेतृत्वदायी भुमिकामा रहने निकायहरु,सुरक्षा निकायका प्रमुखहरु ,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिहरु,पत्रकार महासघं,उद्योग बाणिज्य सघं,नागरीक समाज, सरकारी तथा गैरसरकारी संघसंस्था,स्थानिय समुदाय,नेपाल रेडक्रस सोसाईटी,जिल्ला अगुवा सहयोगी संस्था (कोशी पिडित समाज) लगायत सम्बद्ध अन्य निकायहरुको सहभागितामा जिल्ला विपद् व्यवस्थापन समितिले तयार गरेको मनसुन पुर्वतयारी तथा कोभिड-१९ कार्य योजना २०७८ स्वीकृत गर्ने र सम्बद्ध निकायहरुले तत्काल स्वास्थ्य सावधानिका उपाय अपनाउदै आ-आफ्नो तयारीका साथ विपद् व्यवस्थापन समितिको समन्वयमा कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

निर्णय नं. :३

कोशी नदीले प्रभाव पार्ने स्थानीय तहहरुले कोशी नदी नियन्त्रण आयोजना भारत सरकारको स्वामित्वमा उक्त आयोजनाले बाध निर्माण र बाढी नियन्त्रणको काम गरी रहेको हुँदा सो सम्वन्धमा कोशी नदीले यस मनसुनमा पार्न सक्ने प्रभावलाई मध्येनजर गरी आवश्यक समन्वय गरी संघिय सरकार र प्रदेश सरकार अन्तरगतका सिचाई हेर्ने निकायहरुले तत्काल बाढी,डुबान तथा कटान हुने क्षेत्रहरुमा हुने क्षतिलाई कम गर्न सम्बन्धित भारतीय पक्ष संग समन्वय गरेर काम गरी क्षति हुन् नदिने व्यवस्था मिलाउने।

निर्णय नं. : ४

खाडो नदी तथा यस जिल्लाबाट बहने बलान नदी ,खडक नदी , महुलि नदीले पार्ने प्रभावलाई मध्येनज़र गर्दै सम्बधित नदि नियन्त्रण आयोजनाले स्थानीय तहहरु संग समन्वय गरी तत्काल डुवान-कटान हुने क्षेत्रहरुमा हुनसक्ने क्षतिलाई कम गर्न आवश्यक तयारी तत्काल शुरु गर्ने ।

निर्णय नं. : ५

जिल्ला तहमा बिषयगत क्षेत्रगत रुपमा नेतृत्व गर्ने निकायहरुले र सबै स्थानीय तह हरुले मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कोरोना भाईरस (कोभिड-१९) को जोखिम तथा नियन्त्रणका लागि स्वास्थ्य सावधानी अपनाउँदै मनसुन पुर्वतयारीका गतिविधि संचालन गर्ने,स्थानीय तहको वडास्तर सम्म नै विपद् व्यवस्थापन समितिलाई क्रियाशिल गर्ने र आवश्यकता अनुसार कार्यदल तयार गर्ने निर्णय गरियो ।

२०७८।२।३१

प्रमुख जिल्ला अधिकारी

निर्णय नं.: ६

मनसुनको समयमा वर्षा तथा विपद् सम्बन्धि पुर्व सूचना समुदायसम्म पुऱ्याउन सकिएमा मानविय क्षती कम गर्न सकिने विषयलाई मध्येनजर गर्दै सबै समुदायसंगको पहुच माध्यम , सञ्चार मिडियाहरु , एफ.एम. रेडियो तथा पत्र-पत्रिकाहरु हुनेहुँदा मनसुन पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धी सुचनाहरु मनसुन अवधिभर जनहितमा प्रकाशन गरिदिनको लागि पत्रकार महासघं सप्तरी शाखा मार्फत सबै सञ्चार माध्यमहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.: ७

विपद प्रभावितलाई आपतकालिन अवस्थामा प्रयोग गरीने सुरक्षित स्थल ( Shelter House ) हरुमा कोभिड-१९ को संक्रमणको सन्दर्भमा तयार गरिएको स्वास्थ्य सुरक्षा मापदण्ड अनुसार पुर्व तयारी गर्ने ।

निर्णय नं. : ८

विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७७ ले जिल्लामा रहेको खोज तथा उद्दारका क्रममा प्रयोग हुने सामाग्रीको कमी पहिचान गरे बमोजिम आवश्यक सहयोगका लागि विभिन्न संघसंस्था,रेडक्रस, कोशी पिडित समाज र संघ,प्रदेश सरकार तथा स्थानिय तहहरुलाई आवश्यक सहयोगका लागि अनुरोध गर्ने ।

निर्णय नं. : ९

जिल्ला तथा स्थानीय तहमा रहेका सबै प्रकारका उद्दार सामाग्री,जनशक्तिको विवरण अद्यावधिक गरी जिल्ला आपतकालिन कार्य संचालन केन्द्र ( DEOC Saptari ) मा जानकारी गराउने । तत्काल प्रयोगमा आउने गरी चुस्त दुरुस्त अवस्थामा तयार गरी राख्ने । सबै स्थानीय तहहरुले जिल्ला विपद् व्यवस्थापन समितिसंग समन्वय गरी बाढीबाट बचाउन कृतिम अभ्यास गर्ने साथै प्रत्येक पालिकाले आ-आफ्नो क्षेत्रमा वृक्षारोपण गरी पर्यावरण जोगाउने र वातावरणको संरक्षणका गतिविधि संचालन गर्ने ।

निर्णय नं. : १०

बाढी आएको समयमा नदी नालामा माछा मार्ने , पौडी खेल्ने , काठ , दाउरा संकलन गर्ने जस्ता कार्यहरुलाई निषेध गर्न सुरक्षा निकायहरुले स्थानीय तह संग समन्वय गरी प्रचारप्रसार गरी आवश्यक व्यवस्था मिलाउने।

निर्णय नं. : ११

अत्यावश्यक सामग्री (जस्तै – खानेकुरा,कपडा,औषधी,पानी) हरुको आवश्यक भण्डारण सम्बन्धित उद्योग बाणिज्य संघ ,औषधि व्यवसायी संघ संग समन्वय गरी स्थानीय तह र जिल्ला रेडक्रसले गर्ने ।

निर्णय नं. : १२

विपदपछिको द्रुत,लेखाजोखाबाट प्राप्त प्रारम्भिक सर्वेक्षणपछि प्रभावितहरुको पहिचानका लागि यस अघि नै प्रयोगमा रहदै आएको घरधुरी सर्वेक्षण फारम मनसुन पुर्व नै आवश्यक मात्रामा छपाई गरी तयारी अवस्थामा सबै स्थानीय तहले राख्ने । साथै सर्वेक्षण गर्ने जनशक्तिलाई अभिमुखीकरणको प्राविधिक सहयोग नेपाल रेडक्रस सोसाईटीले उपलब्ध गराउने ।

२०७८।३।१

प्रमुख जिल्ला अधिकारी

निर्णय नं.: १३

ससरी जिल्लाको २०७७।२०७८ को जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनालाई अध्यावधिक गर्नको लागि जिल्लाको अगुवा सहयोगी संस्था कोशी पिडित समाज (KVS/DCA) लाई जिम्मेवारी दिने र प्राविधिक सहयोग जिल्ला आपतकालिन कार्य संचालन केन्द्र ससरीलाई दिने निर्णय गरियो ।

निर्णय नं. : १४

जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC) ससरीको दैनिक कामकाजको लागि प्रयोग हुने कम्प्युटर,प्रिन्टर र वर्षा तथा जलसतह अवलोकन गर्नका लागि अत्यावश्यक डिस्प्ले बोर्ड यस मनसुनको समयमा दैनिक कार्य थप प्रभावकारी रुपमा संचालनमा ल्याउनका लागि माथि उंल्लेखित सामाग्रीहरु सहयोग गरी दिनुहुन जिल्ला अगुवा सहयोगी संस्था कोशी पिडित समाज तथा अन्य दातृ निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. : १५

बाढी कटान तथा डुवान सम्बन्धमा पहिले देखि महत्वपूर्ण भूमिका निर्बाह गर्दै आईरहेको खाडो नदि नियन्त्रण आयोजना ससरी, कोशी पम्प चन्द्र नहर र सिचाई डिभिजन कार्यालय ससरीले चालु आ.ब. मा आपतकालीन कार्यको लागि कुनै किसिमको बजेट तथा कार्यक्रम नरहेको जानकारी गराएकोले विपद् रोकथाम तथा नदि नियत्रणं गर्न आवश्यक बजेट तथा कार्यक्रमको लागि गृह मन्त्रालय,प्रदेश सरकार तथा सिचाई बिभाग लाई अनुरोध गर्ने ।

निर्णय नं. : १६

मौषम पुर्बानुमान महाशाखाले यस बर्ष मनसुनमा गत बर्ष भन्दा धेरै पांनी पर्ने पुर्बानुमान गरेकोले यस जिल्लाको नदि तथा खोलाहरुमा बाढीले गर्न सक्ने क्षतिबाट नागरिकको जनधनको बढी क्षति हुनसक्ने सम्भावनालाई मध्येनजर गरी राजनीतिक दल, गैरसरकारी संघ सस्था ,नागरिक समाज लाई आपतकालिन अबस्थामा आबस्यक सहयोग र समन्वयको लागि अनुरोध गर्ने।

निर्णय नं. : १७

जिल्ला विपद् व्यवस्थापन समिति ससरीको विपद् व्यवस्थापन कोषबाट यस मनसुनबाट हुनसक्ने क्षति(कटान) लाई रोकथाम गर्नका लागि सो कोषबाट आवश्यकतानुसार लाईलन बोरा खरिद गर्ने निर्णय गरियो ।

२०७८।३।१

प्रमुख जिल्ला अधिकारी